# महालक्ष्मी राजपत्र

**खण्ड : ४ संख्याः ७, मिति २०७७/०९/२५**

# भाग – १

# महालक्ष्मी नगरपालिका

## महालक्ष्मी नगरपालिकाको नगर वन ऐन, २०७७

**प्रस्तावनाः** वन पैदावारको आवश्यकताको परिपूर्ति, सदुपयोग, स्वस्थ वातावरण प्रवर्द्धन, जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थ, जैविक विविधता, पर्यापर्यटन, वन्यजन्तु तथा वनस्पतिको संरक्षण तथा व्यवस्थापनका लागि विभिन्न वन व्यवस्थापन पद्धति अपनाई पर्यापर्यटनको प्रबर्द्धनद्धारा नगरको समृद्धि, सामाजिक तथा आर्थिक विकासमा टेवा पुऱ्याउने र निजी तथा सार्वजनिक जग्गामा वनको विकास र प्रवर्द्धनको लागि कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकाले, महालक्ष्मी नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

# परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम महालक्ष्मी नगर वन व्यवस्थापन ऐन, २०७७ रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "आखेटोपहार" भन्नाले वन्यजन्तुहरूको जीवित वा मृत शरीर वा पहिचान गर्न सकिने अवस्थामा रहेको तिनीहरूको शरीरको कुनै अङ्ग सम्झनुपर्छ ।

(ख) "कार्ययोजना" भन्नाले वातावरणीय सन्तुलन कायम राखी वनको विकास, संरक्षण तथा वन पैदावारको उपयोग र बिक्री वितरण गर्न तयार गरिएको यस ऐनबमोजिम स्वीकृत वनसम्बन्धी विभिन्न कार्ययोजना सम्झनुपर्छ ।

(ग) "खनिजजन्य वनपैदावार" भन्नाले वन क्षेत्रमा भू-सतह वा भूगर्भभित्र पाइने वा वनक्षेत्रभित्र भएर बग्ने खोला वा नदीमा रहेको वा पाइएको पेट्रोलियम र ग्यास पदार्थ बाहेक चट्टान, माटो, ढुङ्गा, गिट्टी, बालुवा वा कुनै निश्चित भौतिक गुण तथा तत्वको रासायनिक सम्मिश्रणयुक्त अप्राङ्गारिक (इनअर्गानिक) पदार्थ सम्झनुपर्छ ।

(घ) "गैरकाष्ठ वनपैदावार" भन्नाले काठदाउरा वा काष्ठजन्य बाहेक वनमा रहेका, पाइएका वा वनबाट ल्याइएका सबै वनपैदावार सम्झनुपर्छ र सो शब्दले जडिबुटी

समेतलाई जनाउनेछ ।

(ङ) “गैर/व्यावसायिक कबुलियती वन” भन्नाले गरिबीका रेखामुनि रहेका समुदायलाई आय आर्जनका निमित्त दफा ५१ बमोजिम कबुलियती वनको रुपमा प्रदान गरिएको राष्ट्रिय वन सम्झनुपर्छ ।

(च) “जलाधार” भन्नाले प्रेसिपिटेशन वा पानी एकीकृत भई एउटै निकासबाट बग्ने पानीढलो क्षेत्र सम्झनुपर्छ। सो शब्दले कुनै नदी, खोला, खोल्सा, पोखरी आदिलाई निकासको आधार मानी त्यस्तो बहाव सँगसँगैको र सोभन्दा माथिल्लो क्षेत्र समेतलाई जनाउँछ ।

(छ) “जैविक मार्ग” भन्नाले वन्यजन्तुहरू एक वासस्थानबाट अर्को बासस्थानमा आवतजावत गर्ने बाटो सम्झनुपर्छ त्यस्ता मार्गहरुलाई पदमार्ग समेत जनाउँदछ ।

(ज) “टाँचा” भन्नाले काठ वा खडा रुखमा लगाइने छाप, चिन्ह वा निशाना सम्झनुपर्छ ।

(झ) “डिभिजन वन अधिकृत” भन्नाले डिभिजन वन कार्यालयको प्रमुख सम्झनुपर्छ ।

(ञ) “तोकिएको” वा “तोकिएबमोजिम” भन्नाले यस ऐनअन्तर्गत बनेको नियमहरूमा तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्छ ।

(ट) “धार्मिक वन” भन्नाले दफा ५७ बमोजिम परापूर्वकालदेखिको ऐतिहासिक पवित्र धार्मिक स्थलको र

त्यस वरिपरिको वनको संरक्षणका लागि प्रचलित कानुनबमोजिम स्थापित कुनै धार्मिक निकाय, समूह वा समुदायलाई सुम्पिएको राष्ट्रिय वनको निश्चित भू-भाग सम्झनुपर्छ ।

(ठ) "नगरपालिका" भन्नाले महालक्ष्मी नगरपालिका, ललितपुर सम्झनुपर्छ ।

(ड) "नगरपालिकाद्वारा व्यवस्थित वन" भन्नाले परिच्छेद-३ बमोजिम नगरपालिकाले व्यवस्थापन गर्ने राष्ट्रिय वन सम्झनुपर्छ ।

(ढ) "नदीजन्य पदार्थ" भन्नाले यस नगर क्षेत्रभित्रको नदी, खोला, खोल्सी, खहरे, बाटो, पहिरोले बगाई ल्याई नदी, खोल्सा र खहरेको किनार तथा आसपासका वन क्षेत्र वा सार्वजनिक जग्गा वा नदी उकास क्षेत्र वा निजी जग्गामा थिग्रिएको ढुङ्गा, ग्राभेल, बालुवा, गिट्टी, मिस्कट, भस्कट, गेग्रान, माटो सम्झनुपर्छ ।

(ण) "निजी वन" भन्नाले प्रचलित कानूनबमोजिम कुनै व्यक्ति वा संस्थाको हक पुग्ने निजी जग्गामा लगाई हुर्काएको वा संरक्षण गरिएको वन सम्झनुपर्छ ।

(त) "निर्देशनालय" भन्नाले प्रदेश सरकारको वन निर्देशनालय सम्झनुपर्छ ।

(थ) "पदमार्ग" भन्नाले पैदल आवतजावत गर्ने पर्यटकीय एवम् वातावरणमैत्री मार्ग सम्झनुपर्छ ।

(द) "पर्यापर्यटन" भन्नाले वन, वन्यजन्तु, वातावरण लगायत प्राकृतिक र साँस्कृतिक सम्पदामा आधारित प्रकृतिमैत्री पर्यटकीय

गतिविधिलाई सम्झनुपर्छ। सो शब्दले पर्यापर्यटनलाई लक्षित गरी सञ्चालन गरिने क्रियाकलापहरू समेतलाई जनाउँछ ।

(ध) “प्रदेश वन निर्देशक” भन्नाले वन निर्देशनालयको प्रमुख सम्झनुपर्छ ।

(न) “प्रदेश” भन्नाले बागमती प्रदेश सम्झनुपर्छ ।

(प) “प्रदेश सरकार” भन्नाले बागमती प्रदेशको सरकार सम्झनुपर्छ ।

(फ) “फाट्टफुट्ट रुख भएको” भन्नाले दस प्रतिशतभन्दा कम छत्र घनत्व भएको वन क्षेत्र सम्झनुपर्दछ ।

(ब) “मन्त्रालय” भन्नाले प्रदेश सरकारको वन सम्बन्धी कार्य जिम्मेवारी रहेको मन्त्रालय सम्झनुपर्छ ।

(भ) “राष्ट्रिय वन” भन्नाले नगरपालिकाको क्षेत्रभित्र रहेका सामुदायिक वन, धार्मिक वन, कवुलियती वन, संरक्षित वन र नगरपालिकाद्वारा व्यवस्थित वन सम्झनुपर्छ र सो शब्दले वनले घेरिएको वा वनको छेउछाउमा रहेको पर्ती वा ऐलानी जग्गा तथा वनभित्र रहेका बाटो, पोखरी, ताल वा खोलानाला र बगर समेतलाई जनाउँछ ।

(म) “वन” भन्नाले पूर्ण वा आंशिक रुपमा रुखहरू वा बुट्यानले ढाकिएको क्षेत्र सम्झनुपर्छ ।

(य) “वन व्यवस्थापन पद्धति” भन्नाले राष्ट्रिय वनको व्यवस्थापनका लागि अपनाइएका नगरपालिकाद्वारा व्यवस्थित वन, चकला वन, संरक्षित वन, सामुदायिक वन, धार्मिक वन, व्यावसायिक कबुलियती वन, गैरव्यावसायिक कबुलियती वनलाई सम्झनुपर्छ ।

(र) "वनसम्बन्धी पट्टा" भन्नाले दफा ५१ अन्तर्गत प्रदान गरिएको पट्टा सम्झनुपर्छ ।

(ल) "पट्टावाला" भन्नाले दफा ५१ बमोजिम वनसम्बन्धी पट्टा प्राप्त गर्ने व्यक्ति वा संस्था सम्झनुपर्छ ।

(व) "वन क्षेत्र" भन्नाले निजी स्वामित्वको हक भोगको र प्रचलित कानूनले अन्यथा व्यवस्था गरेको बाहेकको वन सिमाना लगाइएको वा नलगाइएको वनले घेरिएको वा वनभित्र रहेको वा वनसँग जोडिएको घाँसे मैदान, खर्क, हिउँले ढाकेको वा नढाकेको नाङ्गो पहाड, बाटो, पोखरी, ताल तलैया, सिमसार, नदी, खोलानाला, बगर, पर्ती वा ऐलानी जग्गाले ओगटेको क्षेत्र समेत सम्झनुपर्छ ।

(श) "वन सिमाना चिन्ह" भन्नाले राष्ट्रिय वनको सिमाना छुट्याउन लगाइएको काठ, ढुङ्गा, सिमेन्ट वा अरु कुनै वस्तुको खम्बा वा चिन्हपट सम्झनुपर्छ ढुङ्गा र सो शब्दले प्रचलित कानुन बमोजिम जग्गा नापजाँच गरी तयार गरेको नक्सामा अङ्कित वन सिमाना चिन्ह समेतलाई जनाउँछ ।

(ष) "वनपैदावार" भन्नाले वनमा रहेको वा पाइएको वा वनबाट ल्याइएको देहायको पैदावार सम्झनुपर्छ ।

(१) काठ, दाउरा, गोल, खैरकच, खोटो, काठको तेल, बोक्रा, घाँस, लाहा, पिपला, पिपली वा

(२) रुख, बिरुवा, पात, डाँठ, फल, बीज, फूल, भुवा, जरा, गानो, बोक्रा, गम रेजिन, लोहवान, जङ्गली जडीबुटी, वनस्पति तथा तिनका विभिन्न भाग वा सूक्ष्म अङ्ग

(३) चट्टान, माटो, ढुङ्गा गिट्टी, बालुवा वा अन्य निजजन्य पदार्थ वा

(४) वन्यजन्तु वा पशुपन्छी वा वन्यजन्तुको आखेटोपहार

(स) "वातावरणीय सेवा" भन्नाले वन क्षेत्रको पारिस्थितिकीय प्रणालीबाट प्राप्त हुने देहाय बमोजिमको सेवा र सोबाट प्राप्त हुने लाभ सम्झनुपर्छ ।

(१) कार्बन सञ्चिति,

(२) जैविक विविधताको संरक्षण,

(३) जलचक्र प्रणाली,

(४) पर्यापर्यटन ,

(५) तोकिए बमोजिमको अन्य लाभ ।

(ह) "व्यावसायिक कबुलियती वन" भन्नाले प्रचलित कानुनबमोजिम स्थापित कुनै संस्था, वन पैदावारमा आधारित उद्योग वा समुदायलाई दफा ४७ बमोजिम उद्देश्यहरूका लागि कबुलियती वनको रुपमा प्रदान गरिएको राष्ट्रिय वन सम्झनुपर्छ ।

(क्ष) "सब-डिभिजन वन कार्यालय" भन्नाले महालक्ष्मी सब-डिभिजन वन कार्यालय सम्झनुपर्छ ।

(त्र) "सामुदायिक वन" भन्नाले सामूहिक हितका लागि वनको विकास, संरक्षण र उपयोग गर्न दफा ३३ बमोजिम सामुदायिक वन उपभोक्ता समूहलाई सुम्पिएको राष्ट्रिय वन सम्झनुपर्छ ।

(ज्ञ) "सिमसार" भन्नाले भूमिगत जलस्रोतबाट वा वर्षातका कारण पानीको परिमाण रहने वा प्राकृतिक वा मानव निर्मित, स्थायी वा अस्थायी, जमेको वा बगेको, स्वच्छ वा नुनिलो पानी भएको धापिलो जमिन (स्वाम्प), दलदले जमिन (मार्स), नदीबाट प्रभावित जमिन (रिभराइन फल्ड प्लेन), ताल (लेक), पोखरी (पोण्ड) र जलभण्डार क्षेत्र (वाटर स्टोरेज एरियाज) समेतलाई जनाउँछ ।

(ज्ञ१) "संरक्षित वन" भन्नाले विशेष जैविक, वातावरणीय, वैज्ञानिक वा साँस्कृतिक महत्वको ठानी नेपाल सरकार, प्रदेश सरकार वा नगरपालिकाले संरक्षित वनको रुपमा घोषित गरेको राष्ट्रिय वन सम्झनुपर्छ ।

(ज्ञ२) "अग्निरेखा" भन्नाले वन क्षेत्रमा एक प्लटबाट अर्को प्लटमा आगलागी, डढेलो लागेको समयमा आगलागी बढ्न नदिनको लागि ४ मि. देखि ६ मि. सम्म माटो देखिने गरी काटिएका बाटो आकारका रेखाहरु भन्ने सम्झनुपर्दछ ।

## परिच्छेद-२

## वनको सीमा निर्धारण र अन्य व्यवस्था

३. **वन सिमाना लगाउन सकिने:** डिभिजन वन अधिकृतले नगरपालिका क्षेत्रको राष्ट्रिय वनको सिमाना छुट्याई वन सिमाना चिन्ह लगाउन सक्नेछ ।

**४. जग्गा प्राप्त गर्ने सूचनाः** (१) दफा ३ बमोजिम राष्ट्रिय वनको सिमाना छुट्याउँदा सो वन वा त्यसको सिमानाको संरक्षणका निम्ति डिभिजन वन अधिकृतले सो वन भित्रको वा सो वनको सिमानासँग जोडिएको सार्वजनिक वा कुनै व्यक्तिको निजी जग्गा र सो जग्गामा बनेको घर छाप्रोसमेत वनको सिमाना भित्र पारी छुट्याउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रयोजनका लागि डिभिजन वन अधिकृतले मन्त्रालयको पूर्व स्वीकृति लिई सोको कारण र त्यस्तो जग्गा प्राप्त गर्ने कुराको सार्वजनिक सूचना सम्बन्धित व्यक्तिको घर दैलोमा, नगर कार्यपालिकाको कार्यालयमा, सम्बन्धित वडा कार्यालयमा र सो जग्गा भएको स्थानमा सबैले देख्ने गरी टाँस गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिमको सूचनामा देहायका कुराहरू समेत खुलाउनु पर्नेछः-

(क) प्राप्त गरिने जग्गा वा घर, छाप्रोले ओगटेको क्षेत्रफल र चार किल्ला तथा जग्गाको किसिम,

(ख) त्यस्तो जग्गामा हकदैया भएको वा भोगचलन गरिरहेका सरोकारवाला व्यक्तिहरूले उक्त सूचना टाँस भएको मितिले बाटोको म्याद बाहेक सत्तरी दिनभित्र डिभिजन वन अधिकृत समक्ष आफ्नो हकभोगको प्रमाणसहित क्षतिपूर्तिको माग दावी गरी दरखास्त दिन आउनुपर्ने र सो म्यादभित्र दरखास्त दिन नआएमा पछि कुनै उजूरी लाग्ने छैन भन्ने कुरा ।

५. **घर जग्गा प्राप्त गर्ने कुरामा उजुर गर्नेः** (१) दफा ४ को उपदफा (२) बमोजिम घर जग्गा प्राप्त गरिने कुराको सूचना टाँस भएकोमा सो सूचनामा चित्त नबुझ्ने सरोकारवाला व्यक्तिले सो सूचना टाँस भएको मितिले बाटोको म्यादबाहेक पैंतीस दिनभित्र निर्देशनालयमा उजुर दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम परेको उजूरीमा आवश्यक जाँचबुझ गरी निर्देशनालयले निर्णय गर्नेछ र सोको जानकारी नगरपालिकालाई समेत दिनेछ ।

(३) उपदफा (२) बमोजिम निर्देशनालयले गरेको निर्णय उपर चित्त नबुझ्ने व्यक्तिले त्यस्तो निर्णयको सूचना पाएको मितिले पैंतीस दिनभित्र सम्बन्धित उच्च अदालतमा पुनरावेदन दिन सक्नेछ ।

६. **मुआब्जा वा क्षतिपूर्ति रकम निर्धारण र बितरणः** (१) यस परिच्छेद अन्तर्गत प्राप्त गरिने घर, छाप्रो र जग्गाको मुआब्जा वा क्षतिपूर्ति रकमको निर्धारण प्रचलित जग्गा प्राप्तिसम्बन्धी कानुनबमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिम क्षतिपूर्तिको रकम निर्धारण भएपछि डिभिजन वन अधिकृतले त्यस्तो रकम लिन आउनु भनी सरोकारवालालाई सूचना दिनुपर्नेछ ।

(३) उपदफा (१) बमोजिम निर्धारण गरिएको मुआब्जा वा क्षतिपूर्तिको रकम डिभिजन वन अधिकृतले सरोकारवाला व्यक्तिलाई सरकारी कोषबाट दिनुपर्नेछ ।

(४) उपदफा (२) बमोजिमको सूचना पाएको मितिले पैंतीस दिनभित्र क्षतिपूर्तिको रकममा चित्त नबुझ्ने व्यक्तिले मन्त्रालय समक्ष पुनरावेदन गर्न सक्नेछ । त्यस्तो पुनरावेदनमा मन्त्रालयबाट भएको निर्णय अन्तिम हुनेछ ।

(५) उपदफा (२) बमोजिमको सूचना पाएको वा उपदफा (३) बमोजिम निर्णय भएको मितिले पाँच वर्षभित्र उक्त क्षतिपूर्तिको रकम लिन नआएमा सो रकम सरकारी कोषमा जम्मा हुनेछ ।

**७. घर जग्गा कब्जामा लिने:** दफा ६ को उपदफा (२) बमोजिम क्षतिपूर्तिको रकम निर्धारण भएको सूचना दिएपछि उक्त घर जग्गा डिभिजन वन अधिकृतले कब्जामा लिन सक्नेछ र सोको जानकारी नगरपालिकालाई दिनुपर्नेछ ।

**८. राष्ट्रिय वनको सिमानाभित्र निजी जग्गा पार्न र प्राप्त गर्नमा प्रतिबन्ध:** (१) यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै निजी जग्गा वा घर, छाप्रो राष्ट्रिय वनको सिमानाभित्र पार्दा वा त्यस्तो जग्गा वा घर, छाप्रो प्राप्त गर्दा देहायमा लेखिएको कुराहरू का अधीनमा रही गर्नुपर्नेछः-

(क) राष्ट्रिय वन बाहिर रीतपूर्वक दर्ता आवद्ध भैसकेको निजी जग्गा र त्यस्ता जग्गामा रहेका घर, छाप्रो भए सो समेत राष्ट्रिय वन वा त्यसको सिमानाको संरक्षणका लागि प्राप्त गर्न अत्यावश्यक भएमा बाहेक प्राप्त गरिने छैन,

(ख) खण्ड (क) बमोजिम जग्गा प्राप्त गर्दा कुनै एकै व्यक्तिको जग्गामध्ये चार रोपनीभन्दा बढी जग्गा नगरपालिकाको पूर्व

स्वीकृति बेगर प्राप्त गरिने छैन र दश रोपनी भन्दा बढी त्यस्तो जग्गा सो जग्गाधनीको मन्जुरीले बाहेक कुनै पनि अवस्थामा प्राप्त गर्न सकिने छैन,

(ग) चारैतिर राष्ट्रिय वनले घेरिएको वा राष्ट्रिय वन भित्रको कुनै व्यक्तिको नाममा दर्ता भइराखेको जग्गा वा घर, छाप्रो जतिसुकै भए पनि प्राप्त गरी राष्ट्रिय वनको सिमाना भित्र पारी छुट्याउन सकिनेछ ।

(२) वनसँग जोडिएका निजी जग्गावालाहरूले सब-डिभिजन वन अधिकृतसँग सम्पर्क राखी आफ्नो जग्गाको सिमाना छुट्याई स्पष्ट किसिमको वन सिमाना चिन्ह राख्नुपर्नेछ । यस्तो सिमाना राख्दा सम्बन्धित वडाको प्रतिनिधिसमेत राख्नुपर्नेछ ।

**९. पूरै जग्गा प्राप्त गर्ने**: यस परिच्छेदबमोजिम जग्गाको केही भाग लिने कारबाही गर्दा सो जग्गाको धनीले पूरै जग्गा वा घर, छाप्रो सरकारबाट लिइयोस् भनी निवेदन गरेमा र उक्त स्थानमा निवेदकको केवल दश रोपनी वा सोभन्दा कम जग्गा रहेछ भने सो जग्गाको केही भाग मात्र लिने गर्नु हुँदैन। पूरै जग्गा वा घर, छाप्रो यस परिच्छेदबमोजिम गरी लिनु पर्नेछ ।

**१०. अदालतले पाए सरहको अधिकार हुने**: यस परिच्छेदबमोजिम आफू समक्ष पेश हुन आएको कुनै कुराको निर्णय गर्नका लागि सरोकारवाला व्यक्तिहरू  र निजहरूको साक्षीहरूलाई झिकाउने, बुझ्ने, म्याद तारेख दिने र निजहरू बाट लिखत गराउने समेत मन्त्रालय, निर्देशनालय, डिभिजन वन अधिकृत र प्रचलित जग्गा प्राप्तिसम्बन्धी

कानूनमा तोकिएको समितिलाई प्रचलित कानुनबमोजिम अदालतले पाए सरहको अधिकार हुनेछ ।

**११. निजी जग्गाको लगत काट्ने:** (१) यस परिच्छेदबमोजिम कुनै व्यक्तिको निजी जग्गा प्राप्त गरी राष्ट्रिय वनभित्र पारी छुट्याइएपछि त्यसरी प्राप्त गरिएको निजी जग्गाको क्षेत्रफल, साँध, किल्ला, मौजा इत्यादि सबै विवरण खोली डिभिजन वन अधिकृतले नगर कार्यपालिकाको कार्यालयलाई जानकारी दिनुपर्नेछ र सोबमोजिम मालपोत वा नगरकार्यपालिकाको कार्यालयले पनि जग्गाको मालपोत वा करको लगत कट्टा गर्न कारबाही गरी त्यसको जानकारी मन्त्रालय र निर्देशनालयमा दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम लगत कट्टा हुने जग्गाको धनीले सो जग्गा राष्ट्रिय वन भित्र पारी छुट्याएको मितिदेखि सो जग्गाको मालपोत वा अरु कुनै किसिमको कर बुझाउनु पर्नेछैन ।

**१२. बल प्रयोग गर्न सक्ने:** डिभिजन वन अधिकृतले यस परिच्छेदबमोजिम कारबाही गर्दा वा जग्गा वा घर, छाप्रो कब्जामा लिँदा कसैले बाधा विरोध गरेमा आवश्यक बल प्रयोग गर्न सक्नेछ ।

**१३. जग्गा दर्ता गर्न नहुने:** (१) राष्ट्रिय वन भित्रको जग्गा कसैले पनि दर्ता गर्न वा गराउन हुँदैन ।

(२) उपदफा (१) मा लेखिएको जग्गा दर्ता गरे गराएको पाइएमा दर्ता स्वतः बदर हुनेछ ।

(३) उपदफा (२) बमोजिम दर्ता बदर भएको जग्गाको विवरण लगत कट्टाको लागि डिभिजन वन अधिकृतले सम्बन्धित

मालपोत कार्यालय र नगर कार्यपालिकाको कार्यालयलाई लेखी पठाउनु पर्नेछ । त्यसरी लेखी आएको सात दिनभित्र सम्बन्धित मालपोत कार्यालय वा नगर कार्यपालिकाको कार्यालयले लगत कट्टा गरी सोको जानकारी सम्बन्धित डिभिजन वन कार्यालयलाई दिनुपर्नेछ ।

(४) यो ऐन प्रारम्भ हुनुभन्दा अघि कसैले राष्ट्रिय वनको कुनै भाग नेपाल सरकारको स्वीकृतिबेगर गैरकानूनी रुपले दर्ता गराएको रहेछ भने त्यस्तो दर्ता पनि यो ऐन प्रारम्भ भएपछि स्वतः बदर हुनेछ र त्यस्ता दर्ताको लगत कट्टा गरिनेछ ।

(५) राष्ट्रिय वनभित्रको जग्गा कसैले दर्ता गरे गराएमा प्रचलित सङ्घीय वन ऐनमा भएको व्यवस्था बमोजिम सजाय हुनेछ ।

**१४. बस्ती स्थानान्तरण गर्न सक्ने**: (१) राष्ट्रिय वनको संरक्षणका लागि कुनै बस्ती वा गाउँ नै स्थानान्तरण गर्न आवश्यक भएमा नगरपालिकाले यस परिच्छेद बमोजिमको प्रक्रिया अपनाई स्थानान्तरण गर्नसक्नेछ ।

(२) उपदफा (१) बमोजिम स्थानान्तरण हुने बस्ती अन्यत्र वन क्षेत्रमा नै राख्नुपर्ने भएमा नगरपालिकाले नेपाल सरकारको सहमतिमा आवश्यक निर्णय गर्न सक्नेछ ।

**१५. राष्ट्रिय वनमा कुनै व्यक्तिलाई हक प्राप्त नहुने**: (१) नेपाल सरकार वा प्रदेश सरकार वा डिभिजन वन अधिकृतबाट पट्टा, पुर्जी वा प्रमाणपत्र प्राप्त गरी वा अरु कुनै प्रकारले हक वा सहुलियत प्राप्त गरेकोमा बाहेक कुनै व्यक्तिलाई राष्ट्रिय वनमा कुनै किसिमको हक वा सहुलियत प्राप्त हुनेछैन ।

(२) नेपाल सरकार वा प्रदेश सरकार वा नगरपालिका वा डिभिजन वन अधिकृतको आदेशबमोजिम बाहेक कुनै व्यक्तिले उपदफा (१) बमोजिम राष्ट्रिय वनमा आफूले पाएको हक वा सहुलियत अरु कसैलाई बिक्री बन्धक, दान दातव्य वा सट्टा गरी वा अरु कुनै प्रकारले हक छोडिदिनु हुँदैन ।

**१६. राष्ट्रिय वन क्षेत्रमा प्रवेश निषेध:** वन संरक्षणको दृष्टिकोणबाट आवश्यक देखिएमा डिभिजन वन अधिकृतले नगरपालिकाको स्वीकृति लिई राष्ट्रिय वनको कुनै भागमा निश्चित समयका लागि सूचना प्रकाशित गरी प्रवेश निषेध गर्न सक्नेछ ।

तर डिभिजन वन अधिकृतले तोकिदिएको बाटोबाट आवत जावत गर्न यसले कुनै प्रतिबन्ध लगाएको मानिने छैन ।

**१७. राष्ट्रिय वनको व्यवस्थापन:** (१) नगरपालिकाले सामुदायिक वनका प्रतिनिधिहरू लाई समेत सहभागी गराई आफ्नो नगर क्षेत्रको राष्ट्रिय वनको रणनीतिक योजना तयार गरी कार्यान्वयन गराउनेछ ।

(२) नगर क्षेत्र भित्रको राष्ट्रिय वनको व्यवस्थापन सरकारद्वारा व्यवस्थित वन, चकला वन, संरक्षित वन, सामुदायिक वन, धार्मिक वन, गैर-व्यावसायिक कबुलियती वन र व्यावसायिक कबुलियती वनको वन व्यवस्थापन पद्धति अपनाई गरिनेछ ।

(३) उपदफा (२) बमोजिमको वन व्यवस्थापन गर्दा वन्यजन्तुको वासस्थान व्यवस्थापनका लागि पनि आवश्यक क्रियाकलापहरू सञ्चालन गर्न सकिनेछ ।

(४) उपदफा (२) बमोजिम सामुदायिक वन, धार्मिक वन, नगरपालिकाद्वारा व्यवस्थित वन, चक्ला वन, संरक्षित वन व्यवस्थापन गर्दा सिल्भिकल्चर र वन व्यवस्थापनको सिद्धान्तमा रही कार्ययोजना बनाई सम्बन्धित निकायबाट स्वीकृत गराई ढलापडा, सुकेका, मरेका र उमेर पुगेका बूढा रुखहरू हटाइनेछ ।

(५) उपदफा (४) बमोजिम कार्ययोजना कार्यान्वयन गर्दा कार्यान्वयन गर्ने निकाय वा उपभोक्ता समूहले पुर्नउत्पादनको सुनिश्चितता तथा वनको संरक्षण र सम्बर्द्धन गर्नुपर्नेछ ।

(६) उपदफा (२) बमोजिम कार्ययोजना बनाउँदा हैसियत बिग्रेको वनमा वैज्ञानिक अध्ययन अनुसन्धानको आधारमा तोकिएबमोजिम प्रक्रिया पूरा गरी प्रजाति रुपान्तरण गर्न सकिनेछ ।

**१८. वनपैदावारको बिक्री वितरणः** (१) नगरपालिकाले वन व्यवस्थापनका विभिन्न पद्धति अपनाई उत्पादन भएका पैदावारमध्ये काठ र दाउराको बिक्री वितरण र आपूर्तिका लागि तोकिए बमोजिमको संरचना तयार गरी व्यवस्था गर्नसक्नेछ ।

(२) नगरपालिकाले सामुदायिक वनहरूको सहभागितामा तोकिए बमोजिमको वन पैदावारमा आधारित उद्योगलाई तोकिएबमोजिम कच्चापदार्थ उपलब्ध गराउन सक्नेछ ।

(३) वनैदावारको उपयोग गर्न, हटाउन वा बिक्री वितरण गर्न, निकासी गर्न वा ओसार पसार गर्न सब-डिभिजन वन अधिकृतले तोकिएबमोजिम इजाजत दिन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम इजाजत दिइने वन पैदावारको मूल्य वा दस्तुर तोकिएबमोजिम हुनेछ ।

**१९. अध्ययन अनुसन्धानका लागि वनक्षेत्र उपलब्ध गराउन सक्ने:** (१) अध्ययन, अनुसन्धान वा शैक्षिक प्रदर्शन गर्ने अभिप्रायले सरकारी स्वामित्वमा रहेका अनुसन्धान गर्ने निकाय, विश्वविद्यालय वा शैक्षिक संस्थाले वनक्षेत्र माग गरेमा तोकिए बमोजिमको प्रक्रियाको आधारमा नगरपालिकाले सोही प्रयोजनका लागि निश्चित अवधि तोकी नगर भित्रको राष्ट्रिय वनको कुनै भाग उपलब्ध गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम उपलब्ध गराइएको वन क्षेत्रको तोकिएको दस्तुर नगरपालिकालाई बुझाउनु पर्नेछ ।

**२०. अध्ययन अनुसन्धानका लागि अनुमतिपत्र लिनुपर्ने:** (१) राष्ट्रिय वन क्षेत्रभित्र वन, वनस्पति तथा वन्यजन्तुका लागि अध्ययन, अनुसन्धान तथा नमुना सङ्कलन गर्न चाहने व्यक्ति वा संस्थाले तोकिएबमोजिम अनुमतिपत्र लिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम नमुना सङ्कलन गर्न चाहने व्यक्ति वा संस्थाले तोकिए बमोजिमको दस्तुर नगरपालिकालाई बुझाउनु पर्नेछ ।

**२१. जडीबुटी अनुसन्धान केन्द्र स्थापना गर्न सकिने:** नगरपालिकाले जडीबुटी तथा सुगन्धित वनस्पतिको अध्ययन, अनुसन्धान, उत्पादन, प्रदर्शनी र व्यावसायिक खेती प्रवर्द्धनका लागि नगर क्षेत्रमा तोकिए बमोजिमको जडीबुटी विकास तथा खेती अनुसन्धान केन्द्रको स्थापना गर्न सक्नेछ ।

२२. **साझेदारीमा जडीबुटी खेती गर्न र प्रशोधन कारखाना स्थापना गर्न सकिने**: (१) नगरपालिकाले तोकिए बमोजिम सार्वजनिक निजी साझेदारीमा जडीबुटी खेती प्रविधि विकास, विस्तार, उत्पादन, प्रशोधन एवं बजार प्रबर्धन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सार्वजनिक निजी साझेदारीमा गरिने जडीबुटी खेती प्रविधि विकास, विस्तार तथा उत्पादनका लागि नगरपालिकाले रुख नभएको वा फाट्टफुट्ट रुख भएको राष्ट्रिय वनको कुनै भाग उपलब्ध गराउन सक्नेछ ।

(३) नगरपालिकाले वन उपभोक्ता समूह, सहकारी वा निजी क्षेत्रको सहभागितामा सामुदायिक वनबाट उत्पादित जडिबुटी प्रशोधन गर्नको लागि प्रशोधन कारखाना स्थापना गर्न सक्नेछ ।

२३. **पर्यापर्यटन कार्यक्रम सञ्चालन**: (१) नगरपालिकाले आफ्नो क्षेत्रभित्र रहेको वनमा पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको वनक्षेत्र सामुदायिक वनमा सम्बन्धित उपभोक्ता समूहबाट पर्यापर्यटन कार्यक्रम सञ्चालन गराउन सक्नेछ ।

२४. **सिमसार क्षेत्रको व्यवस्थापन**: नगरपालिकाले सम्बन्धित सब-डिभिजन वन अधिकृतको परामर्शमा राष्ट्रिय वनभित्र पर्ने सिमसार क्षेत्रको व्यवस्थापन गर्न सक्नेछ र यस्ता सिमसार क्षेत्रमा तोकिएबमोजिम पर्यापर्यटन कार्यक्रमसमेत सञ्चालन गर्न, गराउन सक्नेछ ।

## परिच्छेद-३

## नगरपालिकाद्वारा व्यवस्थित वनसम्बन्धी व्यवस्था

**२५. नगरपालिकाद्वारा व्यवस्थित वनको कार्य योजनाः** (१) नगरपालिकाद्वारा व्यवस्थित वनको व्यवस्थापनका लागि सब-डिभिजन वन कार्यालयले तोकिएबमोजिम कार्ययोजना तयार गरी स्वीकृतिका लागि नगरपालिकामा पेश गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम पेश भएको कार्ययोजनामा कुनै हेरफेर गर्न आवश्यक देखेमा नगरपालिकाले त्यस्तो कार्य योजना सब-डिभिजन वन कार्यालयमा फिर्ता पठाउन सक्नेछ र सब-डिभिजन वन कार्यालयले आवश्यक हेरफेर गरी आफ्नो रायसहित पठाएपछि सो कार्ययोजना नगरपालिकाले स्वीकृत गर्नेछ ।

(३) उपदफा (२) बमोजिम स्वीकृत भएको कार्ययोजना सब-डिभिजन वन अधिकृतले आफ्नो कार्य क्षेत्रमा लागु गर्नेछ ।

(४) नगरपालिकाद्वारा व्यवस्थित वनको वनपैदावारमा नगरपालिकाको स्वामित्व रहनेछ ।

**२६. चकला वनः** (१) वनको उत्पादकत्व वृद्धि गर्ने प्रयोजनका लागि नगरपालिकाद्वारा व्यवस्थित वनको कुनै भागलाई सब-डिभिजन वन कार्यालयले चार किल्ला तोकी चकला वनको रुपमा व्यवस्थापन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम व्यवस्थापन गरिने चकला वन नगरपालिकाले तोकिएबमोजिम प्रतिस्पर्धाको आधारमा तोकिएको अवधिका लागि निजी तथा सरकारको पूर्ण वा आंशिक स्वामित्वमा

रहेका सङ्गठित संस्थाहरूसँगको साझेदारीमा समेत व्यवस्थापन गर्न सक्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम चकला वनको व्यवस्थापनका लागि दफा २५ बमोजिम कार्ययोजना स्वीकृत गरी लागु गर्नुपर्नेछ ।

(४) उपदफा (२) बमोजिम निजी क्षेत्रसँगको साझेदारीमा व्यवस्थापन गरिने चकला वनको लागत तथा वनपैदावारको बाँडफाँट तोकिएबमोजिम हुनेछ ।

(५) उपदफा (२) बमोजिम व्यवस्थापन गरिने चकला वनको व्यवस्थापन कार्यमा कार्य योजना विपरीत कार्य गरी वन क्षेत्रको हानिनोक्सानी गरेमा, वन तथा वातावरणमा उल्लेखनीय प्रतिकूल असर पर्ने क्रियाकलाप भएको पाइएमा सब-डिभिजन वन अधिकृतले साझेदारलाई हटाउन सक्नेछ ।

(६) उपदफा (४) बमोजिम साझेदारलाई हटाउनु पूर्व सफाइ पेश गर्ने मौका दिनु पर्नेछ ।

(७) उपदफा (४) बमोजिमको हानि नोक्सानी भएको पाइएमा हटाइएका साझेदारलाई प्रचलित सघीय वन ऐन बमोजिम राष्ट्रिय वनमा कसुर गरे सरह कारबाही हुनेछ ।

(८) उपदफा (४) बमोजिम साझेदारीबाट हटाउँदैमा उपदफा (७) बमोजिम राष्ट्रिय वनको कसुरमा कारबाही गर्न बाधा परेको मानिने छैन ।

(९)उपदफा (२) बमोजिम निजी क्षेत्रसँग साझेदारीमा व्यवस्थापन गरिने चकला वन त्यस्तो अवधि समाप्त भएपछि

तोकिएबमोजिम स्वतः र निःशुल्क सरकारमा हस्तान्तरण हुनेछ ।

**२७. नगरपालिकाद्वारा व्यवस्थित वनमा अन्य कार्य गर्नमा प्रतिबन्धः** कार्ययोजनाले निर्दिष्ट गरेका कार्य तथा वन विकास कार्य बाहेक नगरपालिकाद्वारा व्यवस्थित वनमा अन्य कुनै पनि कार्य गर्न पाइने छैन तर मन्त्रालयबाट स्वीकृत कार्यविधिको अधीनमा रही वैज्ञानिक अध्ययन वा अनुसन्धान गर्न बाधा परेको मानिने छैन ।

## परिच्छेद-४
## संरक्षित वन सम्बन्धी व्यवस्था

**२८. संरक्षित वन घोषणाः** (१) नगरपालिकाले राष्ट्रिय वनको कुनै भाग विशेष वन्यजन्तु, जैविक विविधता, वातावरणीय, वैज्ञानिक वा सांस्कृतिक महत्वको वा अन्य विशेष महत्व भएको लागेमा त्यस्तो राष्ट्रिय वनको भागलाई संरक्षित वन घोषित गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम राष्ट्रिय वनको कुनै भागलाई संरक्षित वनको रुपमा घोषित गरेपछि त्यसको सूचना राजपत्रमा प्रकाशन गर्नु पर्नेछ ।

**२९. संरक्षित वनको कार्य योजनाः** (१) संरक्षित वनमा गरिने वनसम्बन्धी कार्यहरूको व्यवस्थापनका लागि सब-डिभिजन वन कार्यालयले सम्बन्धित वन उपभोक्ता समूहसँग छलफल गरी कार्य योजना तयार गरी नगरपालिका समक्ष पेश गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम पेश भएको कार्ययोजनामा कुनै हेरफेर गर्न आवश्यक देखेमा नगरपालिकाले सब-डिभिजन वन

कार्यालयमा फिर्ता पठाउन सक्नेछ । सब-डिभिजन वन कार्यालयले आवश्यक हेरफेर गरी आफ्नो रायसहित पठाएपछि सो कार्ययोजना नगरपालिकाले स्वीकृत गर्नेछ ।

(३) उपदफा (२) बमोजिम स्वीकृत भएको कार्य योजना सब-डिभिजन वन अधिकृतले लागु गर्नेछ ।

(४) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि संरक्षित वन क्षेत्रभित्र रहेका अन्य वन व्यवस्थापन पद्धति अन्तर्गत व्यवस्थापन भइरहेको वनको व्यवस्थापन उपदफा (१) बमोजिमको कार्ययोजना अनुरुप नै गर्नुपर्नेछ ।

३०. **संरक्षित वनको व्यवस्थापनः** (१) दफा २८ अनुसार घोषित संरक्षित वनको व्यवस्थापन उपभोक्ता समूह मार्फत गर्न सकिनेछ । उपभोक्ता समूहको गठन, काम, कर्तव्य र अधिकार तथा सञ्चालन तोकिएबमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिम व्यवस्थापन गर्दा संरक्षित वन क्षेत्रबाट प्राप्त हुने रकममध्ये पचास प्रतिशत नगरपालिकाको र बाँकी पचास प्रतिशत समूहको हुनेछ ।

(३) संरक्षित वनको संरक्षण तथा व्यवस्थापन गर्न नगरपालिकाले सुरक्षा निकायलाई परिचालन गर्न सक्नेछ ।

(४) कार्य योजनामा व्यवस्था गरी समूहले संरक्षित वनक्षेत्रमा तोकिएबमोजिम पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।

**३१. संरक्षित वनको उपभोक्ता समूह दर्ता** : (१) दफा ३० बमोजिम गठन गरिएको उपभोक्ता समूह दर्ता गराउन उपभोक्ताले विधानसहित तोकिए बमोजिमको ढाँचामा सब-डिभिजन वन अधिकृत समक्ष दरखास्त दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको दरखास्त पर्न आएमा सब-डिभिजन वन अधिकृतले आवश्यक जाँचबुझ गरी त्यस्तो समूहलाई तोकिए बमोजिम दर्ता गरी तोकिएको ढाँचामा दर्ताको प्रमाणपत्र दिनुपर्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन लागु हुनुभन्दा अगाडि दर्ता भई सञ्चालनमा रहेका नगरपालिका भित्र रहेका सामुदायिक वन, धार्मिक वन, कबुलियती वन र संरक्षित वन यसै ऐनबमोजिम दर्ता भएको मानिनेछ ।

**३२. उपभोक्ता समूहको कोषः** (१) समूहको आफ्नो एउटा छुट्टै कोष हुनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरू जम्मा गरिनेछः-

(क) सरकारबाट प्राप्त अनुदान रकम,

(ख) नगरपालिकाबाट प्राप्त अनुदान,

(ग) कुनै व्यक्ति वा संस्थाबाट प्राप्त अनुदान, सहायता वा दान दातव्यका रकम,

(घ) वनपैदावारको बिक्री वितरणबाट प्राप्त रकम,

(ङ) जरिवानाबाट प्राप्त रकम,

(च) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(३) उपदफा (१) बमोजिमको कोषमा प्राप्त भएको रकममध्ये कम्तीमा पचास प्रतिशत रकम संरक्षित वनको विकास, संरक्षण र व्यवस्थापन कार्यमा खर्च गर्नुपर्नेछ ।

(४) समूहले उपदफा (३) बमोजिम वनको विकासका निमित्त खर्च गरी कोषमा बाँकी रहेको रकम अन्य विकास कार्यमा खर्च गर्न सक्नेछ ।

(५) कोष सञ्चालनसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

## परिच्छेद-५

## सामुदायिक वन सम्बन्धी व्यवस्था

३३. **सामुदायिक वन हस्तान्तरणः** (१) उपभोक्ता समूहले कार्ययोजना बमोजिम वनको विकास, संरक्षण, उपयोग, व्यवस्थापन गर्न तथा समूहभित्र स्वतन्त्र रुपले वनपैदावारको मूल्य निर्धारण गरी बिक्री वितरण गर्न पाउने गरी नगरपालिकाको सिफारिसमा डिभिजन वन अधिकृतले राष्ट्रिय वनको कुनै भाग तोकिएबमोजिम सामुदायिक वनको रुपमा उपभोक्ता समूहलाई हस्तान्तरण गर्न सक्नेछ । त्यसरी सामुदायिक वन हस्तान्तरण गर्दा डिभिजन वन अधिकृतले सामुदायिक वन हस्तान्तरणको प्रमाणपत्र दिनेछ ।

(२) उपदफा (१) को प्रयोजनका लागि डिभिजन वन अधिकृतले सब-डिभिजन वन अधिकृत मार्फत उपभोक्ताहरूलाई परिचालन गरी

तोकिए बमोजिमको उपभोक्ता समूह गठन गर्न र कार्ययोजना तयार गर्न आवश्यक प्राबिधिक एवं अन्य सहयोग उपलब्ध गराउन सक्नेछ।

**३४. कार्ययोजना सम्बन्धी व्यवस्थाः** (१) दफा ३३ बमोजिम तोकिएको ढाँचामा तयार गरिएको कार्य योजना समूहले डिभिजन वन अधिकृतबाट स्वीकृत गराई लागु गर्नुपर्नेछ ।

(२) सामुदायिक वनको कार्ययोजनाको अवधि बढीमा दस वर्षको हुनेछ ।

(३) तीस हेक्टरभन्दा कम क्षेत्रफल भएको सामुदायिक वनको कार्ययोजना पुनरावलोकनको लागि उपभोक्ता समूहले तयार गरेको वन कार्ययोजना चेकजाँच गरी सम्बन्धित सव-डिभिजन वन कार्यालयको प्रमुख (अधिकृतस्तर) बाट स्वीकृत गराई लागु गर्नु पर्नेछ र सोको जानकारी सात दिनभित्र नगरपालिका र डिभिजन वन कार्यालयमा दिनु पर्नेछ ।

(४) तीस हेक्टरभन्दा बढी क्षेत्रफल भएको सामुदायिक वनको पुनरावलोकनका लागि उपभोक्ता समूहले तयार गरेको वन कार्ययोजना सम्बन्धित डिभिजन वन अधिकृतबाट स्वीकृत गराई लागु गर्नु पर्नेछ र सोको जानकारी डिभिजन वन अधिकृतले नगरपालिकालाई समेत दिनु पर्नेछ ।

**३५. कार्ययोजनामा संशोधनः** (१) उपभोक्ता समूहले सामुदायिक वन व्यवस्थापनसम्बन्धी कार्य योजनामा आवश्यकता अनुसार समयानुकूल संशोधन गर्नसक्नेछ । त्यस्तो संशोधनको लिखित जानकारी नगरपालिका र डिभिजन वन अधिकृतलाई दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम उपभोक्ता समूहले कार्ययोजनामा गरेको संशोधनले वातावरणमा उल्लेखनीय प्रतिकूल असर पर्ने देखिएमा डिभिजन वन अधिकृतले त्यस्तो संशोधनको जानकारी प्राप्त भएको तीस दिनभित्र उपभोक्ता समूहलाई सो संशोधन लागु नगर्न निर्देशन दिनसक्नेछ । त्यस्तो निर्देशनको पालना गर्नु उपभोक्ता समूहको कर्तव्य हुनेछ ।

३६. **सामुदायिक वन फिर्ता लिन सकिने**: (१) दफा ३३ बमोजिम सुम्पिएको सामुदायिक वनमा उपभोक्ता समूहले कार्ययोजनाबमोजिम कार्य सञ्चालन गर्न नसकेमा वा कार्ययोजना विपरीत काम गरेमा वा वातावरणमा उल्लेखनीय प्रतिकूल असर पर्ने कुनै कार्य गरेमा वा यो ऐन र यस ऐन अन्तर्गत बनेका नियम उल्लङ्घन गरेमा डिभिजन वन अधिकृतले तोकिएबमोजिम त्यस्तो उपभोक्ता समूहको दर्ता खारेज गर्न र त्यस्तो सामुदायिक वन फिर्ता लिने निर्णय गर्न सक्नेछ । त्यस्तो निर्णयको जानकारी तत्कालै नगरपालिकालाई दिनुपर्नेछ ।

तर त्यसरी उपभोक्ता समूहको दर्ता खारेज गरी सामुदायिक वन फिर्ता लिने निर्णय गर्नु अघि सम्बन्धित उपभोक्ता समूहलाई सफाइ पेश गर्ने मौका दिइनेछ ।

(२) उपदफा (१) बमोजिम डिभिजन वन अधिकृतले गरेको निर्णय उपर चित्त नबुझ्ने उपभोक्ता समूहले निर्देशनालय समक्ष उजुर गर्न सक्नेछ । त्यस्तो उजुरीमा निर्देशनालयले नगरपालिकाले गरेको निर्णय अन्तिम हुनेछ ।

(३) उपदफा (१) बमोजिम फिर्ता लिएको सामुदायिक वन सोही दफाको उपदफा (२) बमोजिम तत्सम्बन्धी निर्णय बदर भएमा डिभिजन वन अधिकृतले साविककै उपभोक्ता समूहलाई पुनः सुम्पनु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम फिर्ता लिएको सामुदायिक वन सोही दफाको उपदफा (२) बमोजिम तत्सम्बन्धी निर्णय सदर भएमा डिभिजन वन अधिकृतले दफा ३३ बमोजिमको प्रक्रिया पूरा गरी उपभोक्ता समूह पुनर्गठन गरी सो सामुदायिक वन सुम्पन सक्नेछ ।

(५) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपभोक्ता समूहका पदाधिकारीहरूले समुदायको हितका नाममा विधान र कार्ययोजना विपरीत कुनै काम कारबाही गरेमा त्यस्ता पदाधिकारीलाई राष्ट्रिय वनमा कसुर गरे सरह सजाय हुनेछ ।

(६) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपभोक्ता समूहका पदाधिकारीहरूले समुदायको हितको नाममा यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम विपरीत कुनै काम कारबाही गरेमा निजहरूलाई प्रचलित कानुनबमोजिम सजाय गर्न बाधा पुऱ्याएको मानिने छैन ।

(७) उपभोक्ता समूहका पदाधिकारीहरू उपदफा (५) बमोजिम कारबाहीको सिलसिलामा मुद्दा हेर्ने अधिकारी समक्ष मुद्दा दायर भएमा स्वतः निलम्बन हुनेछन् ।

३७. **कार्ययोजना विपरीत काम गर्नेलाई हुने सजायः** (१) सामुदायिक वनमा कुनै उपभोक्ताले कार्ययोजना विपरीत हुने कुनै काम गरेमा निजलाई

सम्बन्धित उपभोक्ता समूहले समूहको स्वीकृत विधान र कार्ययोजना बमोजिम सजाय गर्न सक्नेछ । कुनै हानिनोक्सानी भएकोमा बिगो समेत असुल उपर गर्नसक्नेछ ।

तर उपभोक्ता समूहका सदस्यभन्दा बाहिरको व्यक्ति भएमा राष्ट्रिय वनमा कसुर गरे सरह प्रचलित कानुन बमोजिमको सजाय हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपभोक्ताले कार्ययोजना विपरीत हुने कुनै काम गरी भएको हानीनोक्सानीको आधारमा राष्ट्रिय वनमा कसुर गरे बमोजिमको सजाय हुन उपभोक्ता समूहबाट सिफारिस भई आएमा डिभिजन वन अधिकृतले सोही बमोजिम कारबाही अगाडि बढाउने सक्नेछ ।

**३८. सामुदायिक वनको वनपैदावार बिक्री वितरणः** (१) सामुदायिक वनको कार्ययोजना बमोजिम प्राप्त हुने वनपैदावारमध्ये समूहले आफ्ना सदस्यलाई बिक्री वितरण गर्नुपर्नेछ । आफ्ना सदस्यहरूमा खपत नभएको वनपैदावार समूहबाहिर बिक्री वितरण गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिम समूह बहिर विक्री वितरण गर्ने वन पैदावार ऐनको दफा १८ मा व्यवस्था भएबमोजिम हुनेछ ।

(३) समूहभन्दा बाहिर बिक्री वितरण गरिएको वनपैदावार (काठ र दाउरा) बिक्रीबाट प्राप्त रकमको दस प्रतिशत रकम सेवा शुल्क बापत नगरपालिका कोषमा जम्मा गर्नुपर्नेछ ।

**३९. वन उद्यम तथा पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्न सक्नेः** (१) सामुदायिक वन उपभोक्ता समूहले डिभिजन वन कार्यालयबाट स्वीकृत

कार्ययोजनाले निर्दिष्ट गरे बमोजिम वन उद्यम तथा पर्यापर्यटनका कार्यक्रमहरू सञ्चालन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सामुदायिक वन उपभोक्ता समूहले पर्यापर्यटन विकासका लागि बढीमा पाँच हेक्टरसम्म वन क्षेत्र प्रयोग गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिम पर्यापर्यटन कार्यक्रम सञ्चालनबाट प्राप्त शुल्कको दस प्रतिशत रकम नगरपालिका कोषमा जम्मा गर्नुपर्नेछ ।

४०. **सहयोग लिन सक्नेः** यस परिच्छेद बमोजिमको कार्यका लागि उपभोक्ता समूहले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय, सरकारी तथा गैरसरकारी संस्थासँग सहयोग लिन सक्नेछन् ।

तर त्यस्तो सहयोग लिनु अगावै नेपाल सरकारको स्वीकृति लिनुपर्नेछ ।

४१. **सामुदायिक वनमा कबुलियती वन दिन सकिनेः** (१) समूहले आफ्ना उपभोक्ताको आय आर्जनका लागि आफ्नो सामुदायिक वनको कुनै भाग तोकिएबमोजिम गरिबीको रेखामुनिका उपभोक्तालाई कबुलियती वनको रुपमा दिनसक्नेछ ।

(२) उपदफा (१) बमोजिमको समूहले बनाएको कबुलियती वनको कार्ययोजना नगरपालिकाको सिफारिश अनुसार डिभिजन वन अधिकृतले स्वीकृत गर्नेछ ।

# परिच्छेद-६

## सामुदायिक वन उपभोक्ता समूहको गठन सम्बन्धी व्यवस्था

**४२. सामुदायिक वन उपभोक्ता समूहको गठनः** (१) सामूहिक हितका लागि कुनै वनको विकास र संरक्षण गर्न तथा वनपैदावारको उपयोग गर्न चाहने त्यस्तो वनको सम्बन्धित उपभोक्ताहरूले तोकिए बमोजिम उपभोक्ता समूह गठन गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिम उपभोक्ता समूह गठन तथा विधान तयार गर्न माग भई आएमा डिभिजन वन अधिकृतले प्राविधिक कर्मचारी खटाउन सक्नेछ ।

(३) यस अघि सङ्घीय वन ऐन, २०४९ अन्तर्गत दर्ता भएका समूहहरूको विवरण सम्बन्धित डिभिजन वन कार्यालयले अद्यावधिक गरी नगरपालिकामा समेत पठाउनु पर्नेछ ।

**४३. सामुदायिक वन उपभोक्ता समूहको दर्ता** : (१) दफा ४२ बमोजिम गठन गरिएको सामुदायिक वन उपभोक्ता समूहलाई दर्ता गराउन उपभोक्ता समूहको विधान र नगरपालिकाको सिफारिस साथ तोकिए बमोजिमको ढाँचामा डिभिजन वन कार्यालयमा दरखास्त दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको दरखास्त पर्न आएमा डिभिजन वन कार्यालयले आवश्यक जाँचबुझ गरी उपभोक्ता समूहलाई तोकिए बमोजिम दर्ता गरी तोकिएको ढाँचामा सामुदायिक वन दर्ताको प्रमाणपत्र दिनुपर्नेछ र सो को जानकारी नगरपालिकालाई समेत दिनुपर्नेछ ।

**४४. सामुदायिक वन उपभोक्ता समूह सङ्गठित संस्था हुने:** (१) दफा ४२ बमोजिम गठित उपभोक्ता समूह एक अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित, सङ्गठित संस्था हुनेछ ।

(२) सामुदायिक वन उपभोक्ता समूहको आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(३) सामुदायिक वन उपभोक्ता समूहले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचबिखन गर्न वा अन्य किसिमले बन्दोबस्त गर्न सक्नेछ ।

(४) सामुदायिक वन उपभोक्ता समूहले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न र सो उपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ ।

**४५. साधारणसभा:** (१) सामुदायिक वन उपभोक्ता समूहले हरेक आर्थिक वर्षको तीन महिना भित्रमा साधारण सभा गर्नुपर्नेछ ।

(२) साधारण सभामा सब-डिभिजन वन अधिकृत र सम्बन्धित वडाका अध्यक्ष वा निजले तोकेको वडा समितिको सदस्यको उपस्थिति हुनुपर्नेछ ।

(३) आर्थिक वर्षको तीन महिनाभित्र गर्नुपर्ने साधारणसभा समयमा नगरेमा सब-डिभिजन वन अधिकृतले तुरुन्त साधारणसभा बोलाउन आदेश दिनेछ ।

(४) उपदफा (३) बमोजिमको आदेश पालना नगर्ने पदाधिकारीलाई डिभिजन वन अधिकृतले कारवाही गर्न सक्नेछ ।

**४६. समन्वय समितिः** (१) सब-डिभिजन वन अधिकृतको संयोजकत्वमा वडाध्यक्ष वा निजले तोकेको सदस्य प्रतिनिधि नगरपालिकाभित्र रहेका सामुदायिक वन उपभोक्ता समूहका अध्यक्षहरू सदस्य भएको एक समन्वय समिति गठन गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको समितिमा सामुदायिक वन उपभोक्ता समूहहरूबीच अनुभवको आदान प्रदान, आपसी सहयोगका साथै कार्ययोजनाले निर्दिष्ट गरेका कार्यक्रमहरूको कार्य प्रगतिको समीक्षा गरिनेछ र सोको जानकारी सब-डिभिजन वन अधिकृतले नगरपालिका र डिभिजन वन कार्यालयलाई दिनुपर्नेछ ।

**४७. सामुदायिक वन उपभोक्ता समूहको कोषः** (१) उपभोक्ता समूहको आफ्नो एउटा छुट्टै कोष हुनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरू जम्मा गरिनेछः-

(क) सङ्घीय, प्रदेश सरकारबाट प्राप्त अनुदान रकम,

(ख) नगरपालिकाबाट प्राप्त अनुदान रकम,

(ग) कुनै व्यक्ति वा संस्थाबाट प्राप्त अनुदान, सहायता वा दान दातव्यका रकम,

(घ) वनपैदावारको बिक्री वितरणबाट प्राप्त रकम,

(ङ) जरिवानाबाट प्राप्त रकम,

(च) सामुदायिक वन उपभोक्ता समूहले कार्ययोजना बमोजिम आर्जन गरेको रकम,

(छ) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(३) उपदफा (२) बमोजिम प्राप्त भएको रकम समूहले कम्तीमा पच्चीस प्रतिशत रकम सामुदायिक वनको विकास, संरक्षण र व्यवस्थापन कार्यमा खर्च गर्नुपर्नेछ।

(४) उपदफा (३) बमोजिम खर्च गरी बाँकी रहेको रकम अन्य विकास कार्यमा खर्च गर्न सक्नेछ।

(५) उपदफा (४) बमोजिमको रकम सामुदायिक वन उपभोक्ता समूहले नगरपालिकासँगको समन्वयमा खर्च गर्नुपर्नेछ।

(६) कोषको सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

४८. **प्रतिवेदन दिनु पर्नेः** (१) उपभोक्ता समूहले प्रत्येक आर्थिक वर्ष समाप्त भएको एक महिना भित्रमा तोकिए बमोजिम सामुदायिक वनको स्थिति खुलाइएको वार्षिक प्रगति प्रतिवेदन र तीन महिना भित्रमा तोकिएबमोजिम वार्षिक आर्थिक प्रतिवेदन नगरपालिका र सव-डिभिजन वन कार्यालयमा पेश गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त वार्षिक प्रतिवेदनहरूको आधारमा नगरपालिका र सब-डिभिजन वन कार्यालयले सम्बन्धित उपभोक्ता समूहलाई आवश्यक सुझाव दिन सक्नेछ।

## परिच्छेद-७

## कबुलियती वन सम्बन्धी व्यवस्था

**४९. व्यावसायिक कबुलियती वन प्रदान गर्ने:** (१) नगरपालिकाको सिफारिसमा प्रचलित वन ऐनमा व्यवस्था भए बमोजिम देहायका उद्देश्यहरू का लागि राष्ट्रिय वनको कुनै भाग तोकिएको मूल्यमा नघट्ने गरी प्रतिस्पर्धाको आधारमा कबुलियती वनको रुपमा प्रदान गर्न सक्नेछ:

(क) वनपैदावारमा आधारित उद्योगहरूलाई आवश्यक पर्ने कच्चा पदार्थ उत्पादन गर्न,

(ख) वृक्षारोपण गरी वनपैदावारको उत्पादनमा अभिवृद्धि गरी बिक्री वितरण गर्न वा उपयोग गर्न,

(ग) वनको संरक्षण र विकास हुने गरी कृषि वन बाली वा पशु फर्म सञ्चालन गर्न,

(घ) वनको संरक्षण र विकास हुने गरी कीटपतङ्ग तथा वन्यजन्तुको फार्म वा प्राणी उद्यान सञ्चालन गर्न,

(ङ) वनको संरक्षण र विकास हुने गरी पर्यापर्यटन व्यवसाय सञ्चालन गर्न,

(२) उपदफा (१) मा उल्लेखित उद्देश्यहरूका लागि कबुलियती वन लिन चाहने प्रचलित कानुनबमोजिम स्थापित सङ्गठित संस्था, सहकारी संस्था, उद्योग वा समुदायले आफूले कबोल गरेको रकम वार्षिक रुपमा तिर्नुपर्नेछ ।

(३) उपदफा (१) को खण्ड (घ) र (ङ) बमोजिम कबुलियती वन प्राप्त गर्ने सङ्गठित संस्था, उद्योग वा समुदायले सेवा शुल्क बापत

सेवाग्राहीबाट लिने रकमको शून्य दशमलव पाँच प्रतिशत रकम नगरपालिकालाई बुझाउनु पर्नेछ ।

(४) यो ऐन प्रारम्भ हुनु अगावै वनसम्बन्धी पट्टा प्राप्त गर्नेहरूले समेत यो ऐन लागुभएपछि उपदफा (३) बमोजिमको शुल्क तिर्नुपर्नेछ ।

**५०. व्यावसायिक कबुलियती वन प्रदान गर्ने सूचनाः** (१) डिभिजन वन कार्यालयले तयार गरेको रणनीतिक योजनाको आधारमा कबुलियती वन उपलब्ध गराउन सकिने वन क्षेत्रको विषयमा निर्देशनालयले आवश्यक विवरण सहितको सूचना निकाल्न सक्नेछ ।

(२) प्रचलित कानुनबमोजिम स्थापित, सङ्गठित संस्था, उद्योग वा समुदायले तोकिए बमोजिमको विवरणसहित प्रदेश वन निर्देशक समक्ष निवेदन दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम निवेदन पर्न आएमा प्रदेश वन निर्देशकले आवश्यक जाँचबुझ गरी प्रतिस्पर्धाको आधारमा कबुलियती वन उपलब्ध गराउन सूचना निकाल्नु पर्नेछ ।

(४) उपदफा (१) र उपदफा (३) बमोजिमको सूचनामा निवेदक लगायत इच्छुक सबैले भाग लिन सक्नेछन् ।

(५) सबैभन्दा बढी कबोल गर्नेको बोलपत्र तोकिएबमोजिम आवश्यक जाँचबुझका लागि निर्देशनालयले मन्त्रालय मार्फत प्रदेश सरकारमा पेश गर्नेछ ।

**५१. व्यावसायिक कबुलियती वनको पट्टस्वीकृति प्राप्त भएको मितिले तीस दिनभित्र तोकिएबमोजिम वन** : प्रदेश सरकारबाट व्यावसायिक कबुलियती वन दिने गरी स्वीकृति प्राप्त भएमा पट्टा तयार गरी तोकिएको दस्तुर लिई निवेदकलाई सो पट्टासहित कबुलियती वन प्रदान गर्ने निर्देशनालयलाई जानकारी दिनेछ र निर्देशनालयले कबुलियती वनको पट्टा दिनु पर्नेछ ।

**५२. व्यावसायिक कबुलियती वन फिर्ता लिन सकिने:** (१) दफा ४७ बमोजिम प्रदान गरिएको कबुलियती वनमा पट्टावालाले वन सम्बन्धी पट्टा बमोजिम कार्य सञ्चालन गर्न नसकेमा वा वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पर्ने कुनै कार्य गरेमा वा यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमबमोजिम पालन गर्नुपर्ने कुराहरू पालन नगरेमा प्रदेश वन निर्देशकले तोकिएबमोजिम वन सम्बन्धी पट्टा खारेज गरी त्यस्तो कबुलियती वन फिर्ता लिने निर्णय गर्न सक्नेछ र हानि नोक्सानी भएको भएमा बिगो समेत भराउनेछ ।

तर त्यसरी वनसम्बन्धी पट्टा खारेज गरी कबुलियती वन फिर्ता लिने निर्णय गर्नु अघि सम्बन्धित पट्टावालालाई आफ्नो सफाइ पेश गर्न मौका दिइनेछ ।

(२) उपदफा (१) बमोजिम प्रदेश वन निर्देशकले गरेको निर्णय उपर चित्त नबुझ्ने पट्टावालाले त्यस्तो निर्णयको सूचना पाएको मितिले पैंतीस दिनभित्र उच्च अदालतमा पुनरावेदन दिनसक्नेछ ।

**५३. गैरव्यावसायिक कबुलियती वन दिन सकिने:** (१) डिभिजन वन अधिकृतले गरिबीका रेखामुनि रहेका जनताको गरिबी न्यूनीकरण गर्न

र वनको संरक्षण र विकास हुने गरी तोकिएबमोजिम समूह गठन गरी नगरपालिका भित्रको राष्ट्रिय वनको फाट्टफुट्ट रुख भएको कुनै भाग तोकिए बमोजिमको प्रक्रिया पूरा गरी कबुलियती वनको रुपमा प्रदान गर्नसक्नेछ ।

(२) उपदफा (१) बमोजिम कबुलियती वन प्रदान गर्दा डिभिजन वन अधिकृतले आवश्यक जाँचबुझ गरी त्यस्तो वन कबुलियती वनको रुपमा प्रदान गर्न उपयुक्त देखेमा सोको निर्णय गरी निवेदकलाई दर्ता प्रमाणपत्र दिनुपर्नेछ । यसरी प्रदान गरिने कबुलियती वनको व्यवस्थापनसम्बन्धी कार्ययोजना डिभिजन वन अधिकृतले स्वीकृत गर्नेछ ।

(३) उपदफा (१) बमोजिम प्रदान गरिएको कबुलियती वनमा कबुलियती वन प्रदान गर्दाको बखत रहेका रुखहरू को स्वामित्व सरकारको हुनेछ । ती रुखहरू संरक्षण गरे बापत सोबाट प्राप्त हुने आयको तोकिए बमोजिमको हिस्सा कबुलियती वन समूहलाई दिइनेछ ।

(४) उपदफा (१) बमोजिम प्रदान गरिएको कबुलियती वनमा कार्ययोजना बमोजिम समूहले लगाई हुर्काएका रुख बिरुवाको स्वामित्व समूहको हुनेछ र समूहले उक्त रुखहरू तोकिएबमोजिम बिक्री वितरण गर्न सक्नेछ ।

**५४. गैरव्यावसायिक कबुलियती वन फिर्ता लिन सकिने:** (१) दफा ५१ बमोजिम प्रदान गरिएको कबुलियती वनमा समूहले कार्य योजनामा उल्लेख भए बमोजिमका कार्यहरू सञ्चालन गर्न नसकेमा वा कार्ययोजना

विपरीत कार्यहरू गरेमा वा वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पर्ने कुनै कार्य गरेमा वा यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमबमोजिम पालन गर्नुपर्ने कुराहरू पालन नगरेमा डिभिजन वन अधिकृतले त्यस्तो समूहको दर्ता खारेज गरी कबुलियती वन फिर्ता लिने निर्णय गर्नसक्नेछ र हानिनोक्सानी भएको भएमा बिगो समेत भराउनेछ ।

तर त्यसरी समूहको दर्ता खारेज गरी कबुलियती वन फिर्ता लिने निर्णय गर्नु अघि सम्बन्धित समूहलाई आफ्नो सफाइ पेश गर्न मौका दिइनेछ ।

(२) उपदफा (१) बमोजिम डिभिजन वन अधिकृतले गरेको निर्णय उपर चित्त नबुझ्ने समूहले प्रदेश समक्ष उजुर गर्न सक्नेछ। त्यस्तो उजुरीमा निर्देशनालयले गरेको निर्णय अन्तिम हुनेछ ।

**५५. कार्ययोजना विपरीत कार्य गर्नेलाई सजाय:** व्यावसायिक कबुलियती वनको पट्टावाला वा गैर-व्यावसायिक कबुलियती वन उपभोक्ता समूह वा अन्य कसैले कार्ययोजना विपरीतको कुनै काम गरेमा वा वनमा हानिनोक्सानी पुऱ्याउने कार्य गरेमा त्यस्तो कार्य गर्ने व्यक्ति, संघ संस्था, समूह वा समुदायलाई राष्ट्रिय वनमा कसुर गरे सरह सजाय हुनेछ ।

**५६. खनिज कार्यका लागि कबुलियतमा वन क्षेत्र दिन सकिने:** (१) राष्ट्रिय वनभित्र खनिज पदार्थ भए नभएको खोजतलास गर्नुपर्ने भएमा नगरपालिकाको सहमति लिनुपर्नेछ ।

(२) खोजतलास कार्यबाट राष्ट्रिय वन भित्र खनिज पदार्थ

रहेको भन्ने पत्ता लागी वातावरणमा उल्लेखनीय प्रतिकूल असर नपर्ने भएमा खानी उत्खनन् कार्यका लागि अनुमति जारी गर्ने निकायले मन्त्रालय र नगरपालिकाको पूर्वसहमति लिनुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम अनुमति जारी भएमा तोकिए बमोजिमको रकम लिई प्रदेश सरकारले निश्चित अवधिका लागि खनिज कार्य गर्न उत्खननकर्तालाई कबुलियतनामा गराई वनक्षेत्र उपलब्ध गराउन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम वनको प्रयोग गर्न स्वीकृति दिँदा कुनै व्यक्ति वा समुदाय वा वातावरणलाई हानिनोक्सानी हुने भएमा उत्खननकर्ताले तत्सम्बन्धमा उपयुक्त व्यवस्था गरी दिनुपर्नेछ ।

(५) सङ्घीय सरकारको खनिज कार्य उत्खननसँग सम्बन्धित निकायले पहिचान गरी प्रमाणित गरेको स्थान र वनक्षेत्र भित्र बग्ने नदी बाहेक राष्ट्रिय वनक्षेत्र भित्रबाट निर्माणका लागि प्रयोग हुने ढुङ्गा, ग्राभेल, बालुवा जस्ता खनिज पदार्थ र माटो उत्खनन गरिने छैन ।

(६) खनिजजन्य वनपैदावारको उत्खनन् सङ्कलन, ओसार पसार तथा बिक्री वितरण प्रचलित खानी तथा खनिज पदार्थसम्बन्धी कानुनमा व्यवस्था भएबमोजिम हुनेछ ।

## परिच्छेद-८
## धार्मिक वन सम्बन्धी व्यवस्था

**५७. धार्मिक वन सुम्पन सकिने:** (१) परापूर्वकालदेखिको ऐतिहासिक पवित्र धार्मिक स्थलको र त्यस वरिपरिको वनको संरक्षणका लागि प्रचलित कानुनबमोजिम स्थापित कुनै धार्मिक निकाय, समूह वा समुदायले त्यसको वरिपरिको राष्ट्रिय वन धार्मिक वनको रुपमा व्यवस्थापन गर्न चाहेमा राष्ट्रिय वनको निश्चित भाग नगरपालिकाको सिफारिसमा सब-डिभिजन वन अधिकृतले धार्मिक वनको रुपमा सुम्पन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम धार्मिक वन सुम्पदा उपभोक्ताहरूको परम्परागत हक हितमा असर नपर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

**५८. धार्मिक वनको कार्ययोजना:** (१) दफा ५७ बमोजिमको प्रयोजनका लागि कुनै धार्मिक निकाय, समूह वा समुदायले त्यस्तो वनको क्षेत्रफल, चार किल्ला, त्यस्तो वनमा गरिने कार्यहरू तथा तोकिए बमोजिमका अन्य विवरणहरू खुलेको कार्य योजनासहित सब-डिभिजन वन कार्यालय मार्फत स्वीकृतिका लागि नगरपालिकामा पेश गर्नुपर्नेछ ।

(२) धार्मिक वन लिने निकायले आफ्नो धार्मिक वनभित्र कार्य योजनामा उल्लेखित बाहेक अन्य कुनै काम गर्न पाइनेछैन ।

**५९. धार्मिक वनमा वन सम्बन्धी कार्यको सञ्चालन:** (१) धार्मिक वनमा रहेका वनपैदावार सम्बन्धित धार्मिक निकाय, समूह वा समुदायले वन पैदावार बिक्रीबाट प्राप्त रकम सोही धार्मिक स्थलमा हुने संरचना निर्माण र धार्मिक कार्यमा उपयोग गर्नसक्नेछ ।

तर धार्मिक वनभित्र हुने धार्मिक कार्यवाहेक अन्य धार्मिक कार्यमा प्रयोग गर्नु पर्ने भएमा नगरपालिकाको स्वीकृति लिनुपर्नेछ ।

(२) धार्मिक वन भित्र वातावरणमा उल्लेखनीय प्रतिकूल असर पर्ने गरी वा सार्वजनिक रुपमा हानि नोक्सानी हुने गरी वा जलाधार क्षेत्रमा भू-क्षय हुन सक्ने गरी रुख कटान गर्न वा कुनै भौतिक पूर्वाधार निर्माण गर्न पाइनेछैन ।

(३) धार्मिक वनमा भएको रुखहरू सुकेमा, ढलेमा वा बूढा भएमा सव डिभिजन वन कार्यालयको सिफारिस अनुसार कटान गर्न सकिनेछ ।

६०. **धार्मिक वन फिर्ता लिन सकिने**: (१) दफा ५७ बमोजिम सुम्पिएको धार्मिक वनमा सम्बन्धित धार्मिक निकाय, समूह वा समुदायले दफा ५८ र दफा ५९ विपरीतको कार्य गरेमा वा धार्मिक वनमा गर्नुपर्ने कार्य सञ्चालन गर्न नसकेमा वा यो ऐन र यस ऐनअन्तर्गत बनेको नियमबमोजिम पालन गर्नुपर्ने कुराहरू पालन नगरेमा सब-डिभिजन वन अधिकृतले त्यस्तो धार्मिक वन फिर्ता लिने निर्णय गर्न सक्नेछ ।

तर धार्मिक वन फिर्ता लिने निर्णय गर्नु अघि सम्बन्धित धार्मिक निकाय, समूह वा समुदायलाई सफाइ पेश गर्ने मौका दिइनेछ ।

(२) उपदफा (१) बमोजिम भएको निर्णय उपर चित्त नबुझेमा धार्मिक निकाय, समूह वा समुदायले तोकिए बमोजिम प्रदेश वन निर्देशक समक्ष उजुर गर्नसक्नेछ । त्यस्तो उजूरीमा प्रदेश वन निर्देशकले गरेको निर्णय अन्तिम हुनेछ ।

## परिच्छेद-९

## निजी तथा सार्वजनिक जग्गामा वन विकाससम्बन्धी व्यवस्था

**६१. निजी वन सम्बन्धी व्यवस्थाः** (१) निजी वनको धनीले आफ्नो इच्छानुसार निजी वनको विकास, संरक्षण, व्यवस्थापन गर्न तथा वनपैदावारको उपयोग गर्न वा मूल्य निर्धारण गरी बिक्री वितरण गर्न सक्नेछ ।

(२) निजी वन धनीको अनुरोधमा उपदफा (१) बमोजिमको कामका लागि आवश्यक प्राविधिक तथा अन्य सहयोग सब-डिभिजन वन कार्यालयले उपलब्ध गराउन सक्नेछ ।

(३) निजी वन तथा वनपैदावार उपयोग सम्बन्धमा तेरो मेरोको विवाद परेमा नगरपालिकाले छिनोफानो गर्नेछ ।

(४) कसैले आफ्नो निजी वनको नाममा राष्ट्रिय वन हानि नोक्सानी गरेमा वा वन क्षेत्र अनाधिकृत रुपमा कब्जा गरेमा राष्ट्रिय वनमा कसुर गरे सरह सजाय हुनेछ ।

**६२. निजी वनको प्रमाणपत्रः** (१) निजी वन दर्ता गराउन चाहने कुनै व्यक्ति वा संस्थाले निजी वन दर्ता गराई पाउँ भनी नगरपालिकामा निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पर्न आएका निवेदनमा सम्बन्धित सब-डिभिजन वन कार्यालयको सिफारिसमा आवश्यक लगत खडा गरी नगरपालिकाले तोकिएबमोजिम प्रमाणपत्र दिनेछ र सोको जानकारी सम्बन्धित डिभिजन वन कार्यालयलाई दिनुपर्नेछ ।

(३) हरू वन ऐन, २०४९ अन्तर्गत दर्ता भएको निजी वन धनीले

पनि यो ऐन प्रारम्भ भएपछि उपदफा (१) बमोजिम निवेदन दिन सक्नेछ ।

**६३. निजी वनको वन पैदावार ओसारपसारः** (१) व्यावसायिक प्रयोजनका लागि निजी वनको वन पैदावारको ओसारपसार गर्दा सम्बन्धित सब-डिभिजन वन कार्यालयबाट सहमति लिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम व्यावसायिक प्रयोजनका लागि निजी वनपैदावार ओसारपसार गर्दा व्यवसायीबाट तोकिएको राजस्वको दुई प्रतिशत रकम सेवा शुल्क बापत नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्नेछ ।

**६४. सार्वजनिक जग्गामा वन विकाससम्बन्धी व्यवस्थाः** (१) नगरपालिकाले आफ्नो स्वामित्वमा रहेको सार्वजनिक जग्गामा वनको विकास, संरक्षण, व्यवस्थापन गर्न र वनपैदावारको उपयोग तथा बिक्री वितरण गर्नसक्नेछ ।

(२) नगरपालिकालाई उपदफा (१) बमोजिमको कामका लागि आवश्यक प्राविधिक तथा अन्य सहयोग डिभिजन वन कार्यालयले उपलब्ध गराउन सक्नेछ ।

## परिच्छेद-१०

## बेवारिसे वा दरिया बुर्दी काठसम्बन्धी व्यवस्था

**६५. हकको प्रमाण नपुग भएसम्म काठ नगरपालिकाको ठहर्नेः** (१) बगाई ल्याएको वा किनारा लागेको वा अड्केको वा डुबेको सबै काठ टाँचा निशानाहरू लागेको वा टाँचा निशाना खुर्केको वा बदलेको वा

उडेको वा कुनै तरहबाट मेटिएको काठ र टाँचा निशाना नलागेका काठहरू कसैले आफ्नो हक प्रमाण नपुऱ्याएसम्म नगरपालिकाको सम्पत्ति ठहरिनेछ ।

(२) उपदफा (१) बमोजिमका काठहरू सब-डिभिजन वन अधिकृतले बेवारिसे वा दरिया बुर्दी काठ कुनै सुरक्षित स्थानमा घाटगद्दी गराउन सक्नेछ ।

**६६. बेवारिसे वा दरिया बुर्दी काठको सूचनाः** दफा ६५ को उपदफा (२) बमोजिम बेवारिसे वा दरिया बुर्दी काठ घाटगद्दीमा जम्मा भएपछि त्यस्तो काठको पूरा विवरण र लगतसहितको सूचना सम्बन्धित सब-डिभिजन वन कार्यालय र नगरपालिकाको सम्बन्धित वडा कार्यालयमा टाँस गर्नु पर्नेछ र त्यस्तो काठमा हकदावी गर्नेले पन्ध्र दिनभित्र आफ्नो हकदावीको सबुत प्रमाण सहितको दरखास्त सम्बन्धित सब-डिभिजन वन कार्यालय मा पेश गर्नु पर्नेछ ।

**६७. हकदावी उपर कारबाहीः** (१) दफा ६६ बमोजिम कसैको दरखास्त पर्न आएमा सम्बन्धित सब-डिभिजन वन अधिकृतले आवश्यक तहकिकात गरी गराई दरखास्तवालाको हकदाबी भए नभएको कुराको निर्णय गरी त्यसको सूचना दरखास्तवालालाई दिनुपर्नेछ र कसैको हकदाबी ठहरेमा त्यस्तो काठ घाटगद्दीमा ल्याउन र जम्मा गर्न लागेको खर्च निजबाट असूल उपर गरी काठ निजलाई नै सुम्पिदिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सब-डिभिजन वन अधिकृतले हकदावी नपुगेको भनी गरेको निर्णयमा चित्त नबुझ्ने व्यक्तिले त्यस्तो

निर्णयको सूचना पाएको मितिले पन्ध्र दिनभित्र डिभिजन वन अधिकृत समक्ष उजुर गर्न सक्नेछ ।

(३) कुनै काठमा कसैको हकदावी अस्वीकार गरेको वा त्यस्तो काठ रोकेको वा हराएबाट हुन गएको नोक्सानीको हर्जाना सरकार वा सम्बन्धित सब-डिभिजन वन अधिकृतबाट दाबी गर्न पाइने छैन ।

(४) कसैको हकदाबी नपुगेका बेवारिसे वा दरिया बुर्दी काठ दाउरा दफा १८ बमोजिम बिक्री वितरण गरिनेछ ।

## परिच्छेद-११

## वन्यजन्तु संरक्षण सम्बन्धी व्यवस्था

**६८. जैविक मार्ग तोक्न सक्ने:** (१) नगरपालिकाले आवश्यक ठानेमा नगरभित्रको राष्ट्रिय वनको कुनै क्षेत्रलाई सव डिभिजन वन कार्यालयको सिफारिसमा राजपत्रमा सूचना प्रकाशित गरी जैविक मार्ग घोषणा गर्नसक्नेछ ।

(२) जैविक मार्गको संरक्षण र व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

**६९. कृषिका निमित्त हानिकारक वन्यजन्तु घोषणा गर्न सकिने:** (१) नगरपालिकाले नेपाल सरकारको सहमतिमा कुनै खास क्षेत्रमा खास समयका लागि प्रचलित राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण सम्बन्धी ऐन बमोजिमका संरक्षित वन्यजन्तु बाहेकका अन्य वन्यजन्तु तथा पंक्षीलाई राजपत्रमा सूचना प्रकाशन गरी कृषिको निमित्त हानिकारक वन्यजन्तु घोषणा गर्न सक्नेछ र त्यसरी हानिकारक घोषणा गरिएका वन्यजन्तु तथा पक्षीहरू लाई सोही सूचनामा

तोकिएको सर्त र बन्देजको अधीनमा रही खेत, खला, बारीमा विनाअनुमति लखेट्न, धपाउन, पक्रन सकिनेछ ।

(२) उपदफा (१) बमोजिमको कार्य गर्दा पक्रिएको कुनै वन्यजन्तु तत्काल नजिकको वन कार्यालयमा बुझाउनु पर्नेछ ।

७०. **चिडियाखाना वा प्राणी उद्यान स्थापना गर्न सकिने**: (१) कुनै संस्था, निकाय वा समुदायले संरक्षण शिक्षा, मनोरञ्जन, प्रजनन्, वंशाणु स्रोत संरक्षण तथा अध्ययन, अनुसन्धान तथा उद्धार गरिएका वन्यजन्तुहरूको संरक्षण र व्यवस्थापन गर्ने प्रयोजनका लागि चिडियाखाना वा प्राणी उद्यान सञ्चालन गर्न चाहेमा नगरपालिकाको सिफारिसमा डिभिजन वन कार्यालयले अनुमति दिनसक्नेछ ।

(२) उपदफा (१) बमोजिम चिडियाखाना वा प्राणी उद्यान सञ्चालन गर्न चाहनेले तोकिएको न्यूनतम मापदण्ड पूरा गर्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिमको अनुमति नलिई वा उपदफा (२) बमोजिमको न्यूनतम मापदण्ड पूरा नगरी चिडियाखाना वा प्राणी उद्यान सञ्चालन गरेको पाइएमा प्रचलित कानुनबमोजिम दण्ड सजाय हुनेछ ।

(४) चिडियाखाना वा प्राणी उद्यान सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

७१. **वन्यजन्तुबाट हुने क्षति बापत राहत दिइने**: नगरपालिका भित्रको राष्ट्रिय वन क्षेत्रमा तोकिएका वन्यजन्तुको कारणले कसैको धनजनको क्षति भएमा त्यस्तो क्षति बापत पीडितलाई प्रदेश सरकार मार्फत तोकिएबमोजिम राहत उपलब्ध गराउन सिफारिस गरिनेछ ।

**७२. वन्यजन्तु अस्पताल तथा वन्यजन्तु उद्धार केन्द्र स्थापना गर्न सकिनेः** (१) कुनै व्यक्ति वा निकायले समस्याग्रस्त, असहाय, नरभक्षी, घाइते, टुहुरा र उद्धार गरिएका वन्यजन्तुको संरक्षण र व्यवस्थापनका लागि नगरपालिकाबाट अनुमति लिई वन्यजन्तु अस्पताल वा वन्यजन्तु उद्धार केन्द्र स्थापना गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम कार्य गर्ने नाममा कुनै पनि व्यक्ति वा निकायले अन्य वन्यजन्तुको अवैध व्यापार गर्न पाइने छैन । सो कार्य गरे गराएमा प्रचलित कानुनबमोजिम कारबाही हुनेछ ।

(३) वन्यजन्तु अस्पताल तथा वन्यजन्तु उद्धार केन्द्र स्थापना तथा सञ्चालनसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

## परिच्छेद-१२

## जलाधार व्यवस्थापन

**७३. जलाधारको वर्गीकरण गर्नेः** (१) जलाधारको अवस्थिति, उचाइ, भिरालोपन, भू-क्षयको संवेदनशीलता, वन जङ्गलले ढाकेको क्षेत्र, पानीको मात्रा तथा गुणस्तर, वन विनासको दर, जनसंख्या वृद्धिदर र जलाधार क्षेत्रमा रहेको स्रोतमाथिको मानवीय चाप र प्राकृतिक प्रकोपको जोखिम समेतको आधारमा जलाधार क्षेत्रलाई तोकिएबमोजिम सब-डिभिजन वन कार्यालयको सिफारिसमा नगरपालिकाले वर्गीकरण गर्नसक्नेछ ।

(२) नगरपालिकाले उपदफा (१) बमोजिम वर्गीकृत जलाधार क्षेत्रको नदी प्रणालीमा आधारित तोकिए बमोजिमको व्यवस्थापन

योजना तयार गरी कार्यान्वयन गर्नु गराउनु पर्नेछ ।

**७४. संरक्षित जलाधार क्षेत्र घोषित गर्न सक्ने:** (१) राष्ट्रिय वन सहितको कुनै क्षेत्र जलाधार संरक्षणका लागि आवश्यक देखेमा नगरपालिकाले राजपत्रमा सूचना प्रकाशन गरी चार किल्ला खुलाई संरक्षित जलाधार क्षेत्र घोषित गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम घोषित संरक्षित जलाधार क्षेत्रको सिमाना आवश्यकता अनुसार नगरपालिकाले राजपत्रमा सूचना प्रकाशन गरी हेरफेर गर्नसक्नेछ ।

(३) संरक्षित जलाधार क्षेत्रको संरक्षण तथा व्यवस्थापन तोकिएबमोजिम हुनेछ ।

(४) उपदफा (१) बमोजिम घोषित संरक्षित जलाधार क्षेत्रको कार्य योजना तयार गरी गराई नगरकार्यपालिकाबाट स्वीकृति लागु गर्नु गराउनु पर्नेछ ।

(५) उपदफा (३) बमोजिम कसैले पनि संरक्षित जलाधार क्षेत्रमा संरक्षण र व्यवस्थापनका लागि गरिएको कुनै कार्य नास्न, मास्न, बिगार्न वा हेरफेर गर्न गराउन हुँदैन ।

## परिच्छेद-१३

## अपराध र दण्ड सजाय तथा कसूरको जााचबुझ र कार्यविधि सम्बन्धी व्यवस्था

**७५. अपराध र दण्ड सजाय तथा कसूरको जाँचबुझ र कार्यविधिः** (१) यस ऐन बमोजिम वा प्रचलित र प्रदेश कानुन बमोजिमको कसुर अपराधहरू कानूनमा व्यवस्था भएबमोजिम दण्ड सजाय हुनेछ ।

(२) यस ऐन बमोजिम वा प्रचलित र प्रदेश कानुनबमोजिमको कसुर अपराधमा कसूरको जाँचबुझ र कार्यविधिहरू कानूनमा व्यवस्था भएबमोजिम हुनेछ ।

## परिच्छेद-१४

## विविध

**७६. जडिबुटी एवं गैरकाष्ठ वनपैदावार विकास बोर्ड सम्बन्धी व्यवस्थाः** जडिबुटी एवं गैरकाष्ठ वनपैदावार विकास बोर्डसम्बन्धी व्यवस्था प्रदेश राष्ट्रिय वन ऐन,२०७६ बमोजिम हुनेछ ।

**७७. प्राविधिक सहयोग दिनेः** कुनै उपभोक्ता समूह, पट्टावाला, धार्मिक निकाय, समूह वा समुदाय वा निजी वनको धनीले वनको विकास र संरक्षणका लागि कुनै प्राविधिक सहयोग माग गरेमा सब- डिभिजन वन अधिकृतले त्यस्तो प्राविधिक सहयोग उपलब्ध गराउनुपर्नेछ ।

**७८. प्रतिबन्ध लगाउन सक्नेः** नगरपालिकाले राजपत्रमा सूचना प्रकाशन गरी जैविक विविधता र वातावरण संरक्षणका लागि तोकिएका वनपैदावारको सङ्कलन, कटान, उपभोग, ओसारपसार, बिक्री वितरणमा

प्रतिबन्ध लगाउन सक्नेछ ।

**७९. राहतसम्बन्धी व्यवस्था**: वन संरक्षण, व्यवस्थापन तथा विकाससम्बन्धी कुनै कामको सिलसिलामा कुनै उपभोक्ता, श्रमिक वा कर्मचारीको मृत्यु वा घाइते भएमा तोकिएबमोजिम राहत उपलब्ध गराइनेछ ।

**८०. वातावरणीय सेवाको व्यवस्थापन**: वनबाट प्राप्त हुने वातावरणीय सेवाको व्यवस्थापन, उपयोग तथा लाभांश सम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ ।

**८१. सशस्त्र वन रक्षक सम्बन्धी व्यवस्था**: नेपाल सरकारले राष्ट्रिय वनको सुरक्षाका लागि व्यवस्था गरेको सशस्त्र वन रक्षकको परिचालन नगरपालिकासँग समन्वय गरी प्रदेश सरकारबाट हुनेछ ।

**८२. भ्रष्टाचारमा कारबाही हुने**: यस ऐन अन्तर्गत गठित उपभोक्ता समूहको पदाधिकारी वा सदस्यले कोषको रकम दुरुपयोग वा हिनामिना गरेमा प्रचलित भ्रष्टाचार नियन्त्रण ऐन बमोजिम कारबाही हुनेछ ।

**८३. असल नियतले काम गरेकोमा बचाउ**: यस ऐनले दिएको अधिकार को प्रयोग असल नियतले गरेकोमा कुनै पनि सरकारी कर्मचारी व्यक्तिगत तवरले उत्तरदायी हुने छैन ।

**८४. अधिकार प्रत्यायोजन**: कुनै निकाय वा अधिकारीले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकार आफू मातहतको कुनै निकाय वा अधिकारीले प्रयोग गर्न पाउने गरी प्रत्यायोजन गर्नसक्नेछ ।

**८५. नियम बनाउने अधिकार**: यस ऐनका विभिन्न परिच्छेदमा उल्लेखित उद्देश्य पूर्ति गर्नका लागि नगरकार्यपालिकाले आवश्यक नियमहरू बनाउन सक्नेछ ।

**८६. कार्यविधि र निर्देशिका बनाउन सक्नेः** यस ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमावलीको कार्यान्वयन गर्न नगरकार्यपालिकाले आवश्यक कार्यविधि र निर्देशिका बनाई लागु गर्नसक्नेछ ।

**८७. यसै ऐन बमोजिम हुनेः** यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा उल्लेखित विषयमा यसै ऐन बमोजिम र अन्य विषयमा प्रचलितहरू र प्रदेश कानुनबमोजिम हुनेछ ।

**८८. बचाउः** (१) यो ऐन प्रारम्भ हुनुभन्दा अघि हरू वन ऐन,२०४९ बमोजिम बनाइएको नियम वा निकालिएको आदेश अन्तर्गत प्रदेश सरकार वा मन्त्रालय र अन्तर्गतका कार्यालयद्वारा गरिएको काम यसै ऐन अन्तर्गत भए गरेको मानिनेछ ।

(२) प्रचलित कानुनबमोजिम भएका र नगरपालिकाले कार्य सम्पादन गर्ने गरी हस्तान्तरण भई आएका कार्यको हकमा यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

प्रमाणीकरण मिति : २०७७/०९/२१

आज्ञाले

पुरुषोत्तम सापकोटा

प्रमुख प्रशासकीय अधिकृत

महालक्ष्मी नगरपालिका, ललितपुर ।

महालक्ष्मी नगर कार्यपालिकाद्वारा मुद्रित : मूल्य रु. २०।-